# पाल्पा जिल्ला अदालत
## तानसेन, पाल्पा

फोन नं. -०७५-५२०११०
ईमेल-info.dcpalpa@supremecourt.gov.np

च.न.
प.स २०८२।०८३

सूचना! सूचना!! सूचना!!!

मितिः२०८२।०७।२७

विषयः– लेखापढी व्यवसायीको परीक्षा सम्बन्धमा।

यस अदालतको मिति २०८२।०७।२५ को निर्णयानुसार लेखापढी कानून व्यवसायीको रुपमा काम गर्न ईच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भएको शर्त बमोजिम तोकिएको मिति भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ।

१. परीक्षाको किसिमः लिखित परीक्षा/अन्तर्वार्ता ।

२. दरखास्त दस्तुर रु.१००।—पाल्पा जिल्ला अदालतको राजस्व शिर्षक नं.१४२२४ मा दाखिला गरेको भौचर साथै राख्नु पर्नेछ।

३. दरखास्त फारमसाथ पेश गर्नुपर्ने कागजातहरुः-
   (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   (ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि।
   (ग) चार प्रति पासपोर्ट साइजको फोटो।

४. दरखास्त फारम पाइने स्थानः पाल्पा जिल्ला अदालत, प्रशासन शाखा, तानसेन पाल्पा।

५. दरखास्त फारम बुझाउने स्थानः यस अदालतको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

६. उमेरको हदः- १८ वर्ष उमेर पुगेका नेपाली नागरिक।

७. दरखास्त दिने अन्तिम मितिः-२०८२/०७/२७ गते देखि २०८२।०८।१२ गतेसम्म कार्यालय समयभित्र। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयसम्म)

८. परिक्षाको अन्तिम मिति नाघि आएको दरखास्त फारमलाई स्विकृत गरिने छैन।

९.न्यूनतम शैक्षिक योग्यताः एस.एल.सी. वा सो सरहको परीक्षा पास भएको हुनुपर्ने। (ग्रेडिङ प्रणाली लागू भएपश्चात एस.एल.सी. वा सो सरह परीक्षा उत्तिर्ण उम्मेदवारको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ)।

१०. परीक्षा सञ्चालन कार्यविधिः- लेखापढी कानून व्यवसायी परीक्षा सञ्चालन समितिले तोके बमोजिम हुनेछ।

११. दरखास्तवालाहरुले मिति २०८२।८।१९ गते यस अदालतको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुपर्नेछ।

१२. प्रवेशपत्र वितरण, लिखित परीक्षाको विषयवस्तु, परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराइनेछ।

१३. थप जानकारीको लागि पाल्पा जिल्ला अदालतको फोन नं. ०७५-५२०११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

६।२७

केशव पराजुली
सेस्तदार(उपसचिव)

सेस्तेदार
उपसचिव